मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका साहसहित दुईजना पक्राउ

हेटौंडा, ३ साउन/बाराको जीतपुर-सिमरा उपमहानगर पालिका-२१ पथलैयाचोकबाट मकवानपुरका अन्जन साह लागूऔषधसहित पक्राउ परेका छन् । मकवानपुरको राक्सिराङ गाउँपालिका-२ निवासी २८ वर्षीय साह लागूऔषध गाँजा २६ किलोसहित बिहीबार पक्राउ परेका हुन् । उनीसँगै भारतको बिहार राज्य सुगौली बस्ने ३० वर्षीय दीपकचन्द्र देव पनि पक्राउ परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । उनीहरुलाई प्रहरीचौकी पथलैयाबाट खटिएको प्रहरीटोलीले पक्राउ गरेको हो । बा ४ च ५२७ नम्बरको कारलाई जाँच गर्ने क्रममा सिट मुनि लुकाई छिपाई राखेको गाँजा बरामद गरी निजहरुलाई पक्राउ गरिएको हो । प्रहरीका अनुसार, पक्राउ परेकामध्ये दीपक कारचालक र अन्जन कारमा सवार थिए । पक्राउ परेका दुबै जनामाथि आवश्यक अनुसन्धान भइरहेको छ ।

# बागमतीमा अनुगमनमै ११ करोड खर्च

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ बागमती प्रदेश सरकारले गत आर्थिक वर्ष २०८०/८१ मा अनुगमन तथा मूल्यांकनमा मात्रै ११ करोड रुपैयाँ भन्दा बढी खर्च गरेको छ । प्रदेश सरकारले संचालन गरेको बिभिन्न जिल्लाको योजनामा अनुगमन जाने यातायात, खाना र भत्ता शीर्षकमा यो रकम खर्च भएको हो ।

प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि अनुगमन मूल्यांकन खर्च शीर्षक अन्तर्गत १२ करोड ८१ लाख २६ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । विभिन्न विकासका आयोजना अनुगमनका लागि प्रदेश सरकारका निकायहरुले ११ करोड १४ लाख ८४ हजार रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

यसमा स्थानीय तहको अनुगमनमा भएको खर्च समावेश गरिएको छैन । एउटै योजनामा प्रदेश सरकाको छुट्टै अनुगमन र स्थानीय तहको छुट्टै अनुगमन गरी बजेट खर्चिएको पाइएको छ ।

कतिपय पालिकाले दोहोरो अनुगमन खर्च गरेको र पारदर्शीता नदेखाएको पनि छन् ।




प्रदेश सरकारले भ्रमण खर्च अन्तर्गत २ करोड ८४ हजार रुपैयाँ खर्च गरेको छ । जसअन्तर्गत भ्रमण खर्चतर्फ विनियोजित ३ करोड ४५ लाख ५८ हजार रुपैयाँमध्ये १ करोड ९० लाख २९ हजार रुपैयाँ खर्च गरेको छ भने विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डल भ्रमण खर्च शीर्षकतर्फ विनियोजित ३४ लाख ५० हजार रुपैयाँमध्ये १० लाख १९ हजार रुपैयाँ खर्च भएको तथ्यांकले देखाएको छ ।

प्रदेश सरकारले सार्वजनिक तथा निजी जग्गाको भाडा बापत २९ लाख ५८ हजार रुपैयाँ खर्च गरेको छ। यो शीर्षकअन्तर्गत प्रदेश सरकारले ३५ लाख २ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । घर भाडाका लागि प्रदेश सरकारले कुल विनियोजित बजेट ११ करोड ८३ लाख ४१ हजार रुपैयाँमध्ये ९ करोड ७७ लाख ९१ हजार रुपैयाँ खर्च गरेको छ ।

प्रदेश सरकाले आवश्यकत्ता भन्दा बढी निजी घर भाडामा लिएर कार्यालय संचालन गरिरहेको छ । प्रदेश सरकारले गठन गरेका बोर्ड, आयोजना कार्यान्वयन ईकाई, परिषद्, फाउण्डेसनलाई सम्बद्ध मन्त्रालयकै भवनमा राख्न सकिने भएपनि छुट्टै घर भाडामा लिएर कार्यालय संचालन गरेको छ ।

सवारीसाधन तथा मेसिनरी औजार भाडातर्फ विनियोजित ४३ लाख ९९ हजार रुपैयाँमध्ये २७ लाख ११ हजार रुपैयाँ खर्च भएको छ । सवारीसाधन तथा मेसिनरीऔजार मर्मत शीर्षकमा विनियोजन गरेको ३ करोड ८५ लाख ६५ हजार रुपैयाँमध्ये ३ करोड २६ लाख ५३ हजार रुपैयाँ खर्च भएको छ । प्रदेश सरकारको बिभिन्न मन्त्रालयले आवश्यकता भन्दा बढी सवारीसाधन खरिद गरेको र यसको संचालन अर्च पनि बढेको तथ्यांकले देखाएको छ ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा जम्मा ४५ अर्ब ६६ करोड ७९ लाख ९९ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेशका १३ मन्त्रालय, संवैधानिक निकाय र मातहतका कार्यालयबाट चालु तथा पुँजीगततर्फका विभिन्न शीर्षक अन्तर्गत कुल बिनियोजित ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँमध्ये १७ अर्ब ४ करोड १० लाख ७८ हजार रुपैयाँ फ्रिज भएको छ ।

प्रदेश सरकारको कुल विनियोजित बजेटको २३ प्रतिशत रकम फ्रिज भएको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ । अतिआवश्यक कार्यका लागि वा खर्च नगरी नहुने शीर्षकमा भन्दा पनि अनावश्यक शीर्षकमा रकम खर्च भएको नागरिक समाजले आवाज उठाउँदै आएका छन् । महंगा होटलमा गोष्ठी र सेमिनार का लागि खर्च गर्नुको सट्टा दुर्गम क्षेत्रका बासिन्दालाई सहज हुने गरी पूर्वाधारको काम गर्नुपर्ने नागरिक समाजको माग रहेको छ ।

# हेटौंडा-१ र ३ मा ढुंगा, गिट्टी उत्खननबारे सार्वजनिक सुनुवाई



साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१ वडा कार्यालयमा सार्वजनिक सुनुवाइ गरिएको छ । १ नम्बर र ११ नम्बर वडा जोड्ने राप्तीनदीबाट जथाभावी ढुंगा, गिट्टी, बालुवा उत्खननका विषयमा सरोकार वालाबीच अन्तरक्रिया सहितको सार्वजनिक सुनुवाइ गरिएको १ नम्बर वडाध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

वडाध्यक्ष न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा ११ नम्बर वडाध्यक्ष जुना दाहाल, उपमहानगर कार्यपालिका सदस्य ईश्वरी रसाइली, ११ नम्बर वडा सदस्यद्वय सन्जय बिडारी, विकास नेपाललगायत सरोकारवालाको उपस्थिति थियो । यस्तै, हेटौंडा उपमहानगरपालिका-३ मा पनि नदीजन्यपदार्थ उत्खनन् विषयलाइ लिएर सार्वजनिक सुनुवाई गरिएको छ ।

३ नम्बर वडाध्यक्ष ढलकबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा ११ नम्बर वडाध्यक्ष जुना दाहाल, १९ नम्बर वडाध्यक्ष नरनाथ सुवेदी, ११ नम्बर वडासदस्य गोपिनी सापकोटा, ३ नम्बर वडासदस्य हर्कबहादुर पाख्रिन, हेउमनपाका अधिकृत बसन्तराज सिटौलालगायत सरोकारवालाको उपस्थिति थियो । कार्यक्रममा क्रसर उद्योग समस्यामा परेको यसका सञ्चालकले गुनासो गरेका थिए । सरकारले नीति राम्रो नबनाउने अनि व्यवसायीलाई गलत दृष्टिले हेर्ने गरेको गुनासो गरे ।

क्रसर व्यवसायीकै कारण निर्माणसम्बन्धी काम सम्पन्न हुने हुनाले व्यवसायीका हितका विषयमा सरकारले सोच्नुपर्ने कुरा उठाइयो । हेटौंडा उपमहानगरपालिकाले नदी उत्खनन गर्ने, कहाँ कम गर्ने, कहाँ उत्खनन गर्दै नगर्ने भन्ने विषयमा नीति निर्माण गरी कार्यान्वयन गर ेर अघि बढ्ने योजना राखेको नगर प्रवक्ता न्यौपानेले जानकारी दिए ।

# नयाँ सेवा थपेर हेटौंडामा निको अस्पताल सञ्चालन




साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ हेटौंडा उपमहानगरपालिका-२, स्थित तमु फार्मेसी तथा सुविधा पोलिक्लिनिक अब निको अस्पताल प्रालिको रुपमा विस्तारित सेवासहित सञ्चालनमा आएको छ ।

दुईदशकदेखि स्थानीयलाई सेवा दिँदै आएको यो स्वास्थ्य संस्था अब १५ शैयाको अस्पतालमा परिणत भएको हो । अस्पतालका सञ्चालक सुधिर दाहालका अनुसार, निको अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नुका साथै विशेषज्ञ चिकित्सकद्वारा बिरामीको जाँच र उपचार गरिरहेको छ । उनले चाँडै नै जनरल एनेस्थेसिया सहितको ठूला शल्यक्रिया पनि गर्ने योजना रहेको जानकारी दिए ।

हाल अस्पतालमा उपलब्ध सेवाहरुमा जनरल फिजिसियन सेवा, साना शल्यक्रिया, मानसिक तथा स्नायु रोग उपचार छाती, पेट र मुटु रोगको विशेषज्ञ सेवा, ओपिडी सेवा भिडियो एक्स-रे र एक्स-रे, प्रयोगशाला सेवा, इसिजी, इको र इण्डोस्कोपी, दन्त स्त्री तथा बालरोग तथा फार्मेसी सेवा रहेको छ ।

यो विस्तारित सेवाले हेटौंडा र आसपासका क्षेत्रका बासिन्दालाई उच्चस्तरीय स्वास्थ्य सेवा स्थानीयस्तरमै उपलब्ध गराउने अपेक्षा गरिएको दाहाल बताउँछन् ।




## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालयः सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७



## हाम्रो कुरा

# बजेट खर्चमा प्रभावकारीता

गाउँ वा नगरसभाबाट बिनियोजन गरेको बजेट खर्च गर्न नसकेका कारण कतिपय स्थानीय तहमा चर्को बिवाद रहेको छ । मकवानपुरको सवालमा खर्च राम्रे देखिएको छ । १० वटा स्थानीय तहमध्ये मनहरी, कैलाश र राक्सिराङ गाउँपालिका बजेट खर्चमा अब्बल देखिएका छन् । आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनमा प्रतिशतको हिसाबमा तीन पालिकाले ८४ प्रतिशतमाथि खर्च गरेका हुन् । मनहरी गाउँपालिकाले भर्खरै सकिएको आर्थिक वर्षमा कुल विनियोजनको ८७ दशमलव ८५ प्रतिशत बजेट खर्च गरेको छ भने राक्सिराङ गाउँपालिकाले पनि कुल विनियोजनको ८६ दशमलव २८ प्रतिशत बजेट खर्च गर्न सफल भएको छ । कैलाश गाउँपालिकाले पनि कुल विनियोजनको ८४ दशमलव ०४ प्रतिशत खर्च गरेको छ । मनहरी गाउँपालिकाको कुल ९० करोड ५९ लाख २१ हजार रुपैयाँमध्ये ७९ करोड ५८ लाख ९३ हजार रुपैयाँ खर्च भएको गाउँपालिकाले जानकारी दिएको छ ।

राक्सिराङ गाउँपालिकाले आव २०८०/८१ मा ६३ करोड २४ लाख ९६ हजार रुपैयाँको बजेट बिनियोजन गरेकोमा ५४ करोड ५७ लाख ५८ हजार रुपैयाँ खर्च गर्न सफल भएको छ । कैलाशले गत आवमा ५२ करोड ४२ लाख ५५ हजार रुपैयाँ बजेट बिनियोजन गरेकोमा चालुतर्फ २६ करोड ८३ लाख ४० हजार अर्थात ८३ दशमलव १५ प्रतिशत खर्च गरेको छ । विकास बजेटतर्फ १७ करोड ११ लाख १४ हजार अर्थात विनियोजनको ८४ दशमलव ९४ प्रतिशत खर्च गरेको छ । हेटौंडा उपमहानगरपालिकाले पनि गत आर्थिक वर्षमा ८० प्रतिशतमाथि बजेट खर्च गर्न सफल भएको छ । बिगतको वर्षको तुलनामा उपमहानगरको बजेट खर्चको अवस्थामा सुधार आएको छ । आव २०८०/८१ मा कुल २ अर्ब ९२ करोड २९ लाख ६६ हजार रुपैयाँ विनियोजन गरेको हेटौंडा उपमहानगरमा २ अर्ब ३४ करोड ५१ लाख २२ हजार अर्थात कुल विनियोजनको ८० दशमलव २३ प्रतिशत खर्च भएको उपमहानगरका सूचना शाखाले जनाएको छ । थाहा नगरपालिकाले पनि ८० प्रतिशतमाथि नै खर्च गर्न सफल भएको छ । थाहाले गत आर्थिक वर्षका लागि एक अर्ब ३ करोड ७० लाख विनियोजन गरेकोमा ८३ करोड २४ लाख २१ हजार अर्थात कुल विनियोजनको ८० दशमलव २७ प्रतिशत खर्च गरेको तथ्यांक सार्वजनिक गरेको जानकारी दिइएको छ । ईन्द्रसरोबर गाउँपालिकाले पनि करिब ८० प्रतिशत हाराहारी खर्च गरेको देखिएको छ ।

कुल ४९ करोड २८ लाख ८५ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा ३९ करोड ५ लाख ४१ हजार अर्थात कुल विनियोजनको ७९ दशमलव २१ प्रतिशत खर्च भएको गाउँपालिकाले जनाएको छ । मकवानपुर गढी गाउँपालिकाले पनि ८० प्रतिशत माथि प्रगति गरेको छ । ७० करोड ५५ लाख ७६ हजार रुपैयाँको बजेट विनियोजन गरिएकोमा ५६ करोड ९७ लाख ६८ हजार अर्थात ८० दशमलव ७५ प्रतिशत खर्च भएको गाउँपालिकाले जानकारी दिएको छ । भीमफेदी गाउँपालिकाको खर्च ६८ दशमलव ७१ प्रतिशतमै खुम्चिएको छ । भीमफेदीमा कुल ७५ करोड ६५ लाख ६३ हजार रुपैयाँको बजेट विनियोजन गरिएकोमा ५१ करोड ९८ लाख ६१ हजार रुपैयाँ मात्र खर्च भएको तथ्यांक छ । बागमती र बकैया गाउँपालिकाले पनि ८० प्रतिशतमाथि नै खर्च गर्न सफल भएका छन् । बागमती गाउँपालिकाले गत आवमा ६८ करोड ५५ लाख ८६ हजार रुपैयाँको बजेट विनियोजन गरेकोमा ५७ करोड ४३ लाख ५६ हजार अर्थात ८३ दशमलव ७८ प्रतिशत खर्च गरेको छ । बकैया गाउँपालिकाले पनि कुल विनियोजनको ८३ दशलव ९७ प्रतिशत खर्च गरेको छ । कुल ८१ करोड ७० लाख १४ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा ६८ करोड २४ लाख २१ हजार रुपैयाँ खर्च भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ५ गते शनिबार २० जुलाई २०२४ । चतुर्दशी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२१, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा कलह | तुला | : मानसिक अशान्ति |
| वृष | : यात्रामा बाधा | वृश्चिक | : कार्यमा ढिलाइ |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : मांगलिक कार्य सम्पादन |
| कर्कट | : अपजस पाइने | मकर | : उपचारमा खर्च बढ्ने |
| सिंह | : बौद्धिक कार्यमा बाधा | कुम्भ | : मानमर्यादाको वृद्धि |
| कन्या | : व्यवसायमा विवाद | मीन | : नवीन कार्ययोजनामा लगानी |

# अपुरो बँधुवा श्रमिक मुक्ति

**घोषणा गर्नु पहिले धेरै गृहकार्य नगर्ने, नीति कानुनमा लेख्दा पनि ठूलो ठूलो कुरा लेख्ने तर त्यसको कार्यान्वयन नहुने विषय कदापि पनि उचित होइन । अहिले हरुवाचरुवाको लगत लिन स्रोत नभएको भनेर सम्बन्धित मन्त्रालय पन्छिरहेको छ**



✍ जगत देउजा

कमैया मुक्ति घोषणा भएको २५ वर्ष लागेको छ । २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा हुँदा मुलुकभर एक किसिमको हलचल नै भएको थियो । जमिनदारबाट साउनेझरीमा कमैयाहरू घरबाट निकालिएका थिए । कमैयाले पनि बन्धनबाट मुक्ति पाउन आइपरेका सबै कष्ट उठाएका थिए । सरकारी जग्गामा प्लास्टिक र रूखको ओतमुनि बसेर भए पनि बँधुवा श्रमबाट मुक्त हुने लडाइँलाई सफल बनाएका थिए ।

अनेकन् अप्ठेरा आइपरेका भए पनि बँधुवा श्रमबाट मुक्तिको घोषणा एउटा ऐतिहासिक कदम थियो । यसक्रमलाई निरन्तरता दिँदै २०६५ भदौ २० मा हलिया, २०७० जेठ २४ गते कम्लरी र २०७९ साउन २ गते सरकारले हरुवाचरुवा मुक्तिको घोषणा गरेको थियो । समग्रमा कमैया पुन:स्थापना प्रक्रियामा महत्वपूर्ण उपलब्धि भएको छ । हलिया र कम्लरीको पुनर्स्थापनामा आंशिक उपलब्धि भएको देखिन्छ । हरुवाचरुवाको सम्बन्धमा भने मुक्तिको घोषणा केवल कागजमा सीमित छ ।

२०७८ मंसिर १७ मा गठित मुक्त कमैया कम्लरी, हलिया हरुवाचरुवाको वस्तुस्थिति अध्ययन समितिले प्रतिवेदनमा उल्लेख गरे अनुरूप सरकारी आँकडामा २७ हजार ५७० कुल प्रमाणित कमैया परिवारमध्ये २७ हजार २१ परिवार पुनर्स्थापित भएका छन् । लगत कट्टा गर्नु परेको र सम्पर्कमै नआएको कमैया परिवार क्रमश: २३७ र १२ मात्र देखिन्छ ।

गैरसरकारी आँकडा भने केही फरक छ, परिचय पत्र प्राप्त गर्ने कमैया परिवारको संख्या ३२ हजार ५०९ भएको र सरकारले क र ख वर्गको परिचय पत्र बाँडेको २७ हजार ५७० लाई मात्र पुनर्स्थापना प्रक्रियामा समेटेको गैरसरकारी अध्ययनमा देखिन्छ । त्यसमध्ये २५ हजार १९५ ले मात्र जमिन प्राप्त गरेका र २ हजार ३७५ कमैया परिवार जमिन प्राप्तिबाट अझै वञ्चित भएको दाबी छ ।

सत्य के हो भने कमैया पुनर्स्थापनाका केही काम अझै अपुरो छन् । यसमा सरकारी र स्वयं कमैया संगठनहरूको दाबी फरक फरक छ । ६६१ परिवारको हातमा पुर्जा छ तर जग्गा कहाँ छ भन्ने थाहा छैन । केहीको जग्गाहरू खोलाले बगाएको छ । जेहोस्, करिब २५ हजार मुक्त कमैयाले २ धुरदेखि ५ कठ्ठासम्म जग्गा प्राप्त गरेका छन् । यसरी प्राप्त गरेको जग्गाहरू कमैयाको लागि घर बनाएर बस्न वा धेरथोर खेती गर्न उपयोगी नै भएको छ ।

कति कमैयाहरूले पछि आफ्नै मिहिनेतले जग्गा पनि जोडेका छन् । तर सरकारले उपलब्ध गराएको जग्गा परिवारको सदस्यमा नामसारी गर्न, धितोबन्धकी राख्न र बेचबिखन गर्न आजसम्म पनि बन्देज गरिएको छ । यसकारण जग्गाबाट प्राप्त गर्न सक्ने अधिकतम लाभबाट कमैयाहरू वञ्चित हुनु परेको छ । कमैयाले प्राप्त गरेका जग्गाहरूमा बाटो वा सिंचाइको आयोजनामा कमैयाको जग्गा कित्ताकाट गर्न नमिल्ने हुँदा उनीहरूले पाउने मुआब्जाबाट पनि वञ्चित हुनुपरेको छ । तसर्थ यो जग्गा पाएर पनि उनीहरू एक किसिमको सरकारी बन्धनमा नै रहिरहनु परेको छ ।

कमैया मुक्तिको घोषणाको २५ वर्ष लागेको यस सन्दर्भमा जग्गाधनी पुर्जा प्राप्त गरेका कमैयाहरूले आफ्नो परिवारको नाममा हक हस्तान्तरण, अप्ठेरो परेको अवस्थामा बैंक वा सहकारीमा धितो राखेर ऋण लिन, कुनै उद्यमशील कार्य गर्नको लागि भूमिहीन नहुने गरी जमिन बिक्रीको लागि खुल्ला गर्नुपर्दछ । यसो भएन भने उनीहरूलाई जग्गाधनी पुर्जा उपलब्ध गराउनु र नगराउनुको खासै ठूलो अर्थ रहँदैन । देशका अन्य नागरिकले त्यही जग्गाधनी पुर्जाको एकथरी उपयोग र कमैयाले भने अर्कोथरी उपयोग गर्ने कुरा फेरि पनि उनीहरूलाई दासै बनाइराख्ने सोचबाट निर्देशित छ ।

सरकारले जग्गा उपलब्ध गराएपछि केही वर्ष जस्तो भूमि सम्बन्धी ऐनको आठौं संशोधनले पनि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई जमिन उपलब्ध गराउँदा १० वर्षसम्म बिक्री वितरण गर्न नपाइने र त्यसपछि पनि भूमिहीन हुनेगरी बेचबिखन गर्न नपाइने व्यवस्था गरेको छ । कमैयाको हकमा पनि सोही व्यवस्था लागू हुनुपर्दछ । एक पटक दिइएको जग्गा २५ वर्षसम्म पनि हक हस्तान्तरण गर्न नपाइने, धितो बन्धक नचल्ने पनि कुरा न्यायिक भएन ।

नेपालमा प्रचलित कमैया, कम्लरी, हलिया र हरुवाचरुवा प्रथा भूदास प्रथाकै एउटा रूप हो । स्थानअनुसार नाम फरक भए पनि यसका चरित्र समान छन् । मूलत: आधारभूत आवश्यकता र जीविकाको लागि अन्य विकल्प नभएर जमिनदारकोमा विभिन्न स्वरुपमा बँधुवा हुन पुगेका कृषि श्रमिक नै कमैया, कम्लरी, हलिया र हरुवाचरुवा हुन् । मुक्तिको घोषणापछि पुन:स्थापना प्रक्रियामा अपेक्षित किसिमको जमिन, घर, सीपमूलक तालिम प्राप्त गरे उनीहरूको जीवनमा उल्लेख्य परिवर्तन आएको छ । उनीहरू बँधुवा श्रमिकबाट स्वतन्त्र सीपयुक्त श्रमिकमा रूपान्तरित भएका छन् । कतिपय आफ्नै जमिनमा १२ महिना परिवारलाई खान पुग्ने उत्पादन गर्न सक्ने अवस्थामा पुगेका छन् । तर अझै केही कमैया परिवार र हलिया, कम्लरी र हरुवाचरुवाको पुनर्स्थापना हुनसकेको छैन । यिनीहरूको चाँडो भन्दा चाँडो पुनर्स्थापना हुन आवश्यक छ । यसका लागि स्थानीय, प्रदेश र संघीय सरकार मिलेर जिम्मेवारीपूर्वक कार्य गर्न जरूरी छ ।

२०७९ साउन २ गते सरकारले हरुवाचरुवाको मुक्तिको घोषणा गरेको थियो । तर उनीहरूको पुनर्स्थापनातर्फको प्रगति शून्य छ । हरुवाचरुवाको लगत समेत पनि लिइएको छैन । यसरी उनीहरूलाई केही पनि नगर्ने भए मुक्तिको घोषणा किन गरिएको थियो भन्ने गम्भीर प्रश्न उठेको छ । यसले राज्यको एक किसिमको गरिबप्रतिको बेवास्ता, अनुत्तरदायी पनि प्रष्ट नै देखिन्छ । ठूला घोषणा गर्ने तर सिन्को नभाँच्ने यस प्रवृत्तिले अझै हरुवाचरुवालाई राज्यले पनि अपमानित गरेको छ ।

यस विषयमा हरुवाचरुवा अधिकार मञ्चकी कोषाध्यक्ष राजवती मण्डलले एक कार्यक्रममा बोलेका कुरा मार्मिक छन् : सरकारी घोषणाले हामी भन्दा जमिनदार मुक्त भएका छन् । हामीले धान काट्ने काम पनि पाएका छैनौं । जमिनदारले अब हरुवाचरुवाहरूलाई ज्याला पनि त सरकारले दिन्छ होला भन्न थालेका छन् । हाम्रो लगत पनि लिइएन । सरकारबाट केही पाएनौं । जमिन उपलब्ध गराउनुपर्नेमा उल्टै बसिरहेको ठाउँबाट पनि उठीबास भइरहेको छ । धनीहरूलाई नै ऐलानी जग्गा पनि चाहिन्छ । गरिबहरूको बस्ने बासै नभएको विषय कहिल्यै उठ्दैन । ज्यालाको समस्या छँदैछ । अनि मुक्तिको घोषणा भएर हामीलाई के फाइदा ?

घोषणा गर्नु पहिले धेरै गृहकार्य नगर्ने, नीति कानुनमा लेख्दा पनि ठूलो ठूलो कुरा लेख्ने तर त्यसको कार्यान्वयन नहुने विषय कदापि पनि उचित होइन । अहिले हरुवाचरुवाको लगत लिन स्रोत नभएको भनेर सम्बन्धित मन्त्रालय पन्छिरहेको छ । बँधुवा श्रमिकको लगत लिने स्रोत नभएको होइन । भुईंतहका सीमान्त नागरिकलाई हेपेको हो ।

हरुवाचरुवाको लगत लिन कार्यविधि पनि बनेको थियो तर कार्यान्वयनमा आएन । हरुवाचरुवालाई अलमलाउने मात्र काम भयो । यो एउटा गम्भीर कुरा हो । हरुवाचरुवा मुक्ति घोषणा भएको दुई वर्ष बित्यो । लगत सङ्कलन नै भएको छैन । पुनर्स्थापना कहिले हुने हो ? केही टुंगो छैन । हरुवाचरुवाको यो रित्तो मुक्ति कि त सरकारले फिर्ता लिनुपर्‍यो । कि उनीहरूको तुरुन्त लगत लिएर पुनर्स्थापनाको कार्य अगाडि बढाउनुपर्‍यो । अहिले जुन खेलाँची भइरहेको छ, यो हामी सबैले टुलुटुलु हेरेर बस्न मिल्दैन । यो गरिब माथिको खेलाँची हो । यसतर्फ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सिंगो सरकारको शीघ्र ध्यान पुग्न आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

---

# भुइँमान्छेहरुको चिन्ता यस्तो पनि !

✍ मुक्तिबन्धु

**मुलुकका चालकहरु आफैं ढोकामा उभिएर कराइरहेका छन् । कति चालकहरुकै पनि सिट खाली छ । बजारमा रैथाने पसले युवायुवतीहरु भिसा लागेर विदेश पलायन भइसकेका छन् । अब पसलहरुमा पनि पसलेका सिट खाली छन् । पसलहरु रित्ता छन् । घरहरु रित्ता छन् । पसल मालिकहरुको मात्र होइन, अब घर मालिकहरुकै पनि सिट खाली छ**

एकदिन बिहान प्रात: भ्रमणका क्रममा काठमाडौंको बालाजु चोकनिर रहेको आफ्नो निवासबाट बालाजुकै बाइपासतिर जान लागेको थिएँ, बाटोमा देखिए-भेटिएका रैथाने र विदेशी नागरिकहरु गन्दै गएको थिएँ, १० मिनट हिँडाइको त्यति छोटो दूरीको सडक बाटोमा ८२ जना मानिस भेटिँदा १५ जना मात्र रैथाने नागरिक थिए । यसै त म जुन टोलमा छु त्यस टोलमा ६०-७० घर होलान्, तिनमा डेरा गर्नेहरु ९०-९५ जना विदेशी छन् । अर्थात् भारतको विहार, बङ्गाल र युपीका छन् । हाम्रो टोलमा तरकारी र फलफूल बेच्न आउने साइकलवालाहरु सबैजसो विहारी नै छन् ।

सबीच शङ्का जाग्छ, उपत्यकामा जति व्यापारी र कबाडी खोजन्ते, फिरन्तेहरु छन् ती सवै विहारी, बङ्गाली र युपीवाला मात्र होलान् र ? कति त हाम्रै मधिसे दाजुभाइ पनि होलान् । तिनलाई मैले नभेटेको हुन सक्छ । नचिनेको हुन सक्छ । अनुहारका भरमा हचुवामा हेरेर मैले कसरी विश्लेषण गर्ने ?

सीताको जन्मभूमि मिथिलाको पवित्र माटोमा जन्मे-हुर्केका हाम्रा रैथाने गौरवशाली नेपालीहरुले आफूलाई मधिसे र प्रदेशलाई मधेस नाम राखेको मलाई पटक्कै उचित लागेको छैन । यो त आफ्नै टाउकोमा आफैँले बन्चरो हान्नुजस्तै प्रकृतिको आत्मघात हो । आत्मघात नै प्रकारान्तरले राष्ट्रघात पनि हो । यसै प्रदेशका आडमा अनगिन्ती विहारीहरु नेपालीमा रुपान्तरण भएका छन्, हुँदै पनि छन् भनिन्छ । त्यसै हो भने यो कम्तीको राष्ट्रघात होइन ।

मैले जानेबुझेसम्म माथि बयान गरिएकाहरुमा हाम्रा तराईका रैथाने नेपाली छैनन् । रहेछन् भने पनि नगण्य छन्, न्यून छन् । ती न्यूनहरुसँग क्षमा मागेरै मैले यो लेख प्रस्तुत गर्नुपर्छ । मेरो जिज्ञासा कति मात्र हो भने, यो गरिब मुलुकको निष्ठुर शहरमा कबाडी खोजन्ते, फिरन्तेहरुको यति ठूलो जनसंख्या कबाडीकै आधारमा बाँचे-हिँडेका होलान् त ? एउटै गल्लीमा एकै दिन बीसौंजना कबाडी खोज्न हिँड्छन् । यहाँ घरघरमा फलाम खानी छैन । पशुपतिनाथले पनि यिनलाई पाल्न सकेका छैनन् । नाना थरी तान्त्रिक, मान्त्रिक भस्मासुरहरुलाई पाल्दैमा पशुपतिनाथको पशुपति विकास कोष रित्तिने गरेको यथार्थ जगजाहेरै छ ।

यी कबाडी खोजन्ते, फिरन्तेहरु नेपालका हरेक शहरमा छापछाप्ती देखिन्छन् । राजधानी उपत्यकामा त लाखौं छन्। बिहान हरेक गल्लीबाट यिनीहरुको साइकलवाला जुलुस निस्कन्छ र हरेक गल्लीमा यिनको साइकलवाला जुलुस नारा लाउँदै पस्छ ।

तिमी को हौ ? कहाँबाट आयौ ? के नियतले आयौ ? तिमीहरुको यो साइकल र नाराले तिमीहरुलाई कसरी पाल्छ ? तिमीहरुलाई सुटुक्क दानापानीको व्यवस्था दिएर पाल्ने पालनहार को छ ? तिमीहरु जे देखिन्छौ, त्यही त हौ ? सोध्ने चेतना हामी शहरिया सभ्यहरुमा पलाएको छैन । नबोल्नु र वास्ता नगर्नुमै हामी शहरिया छौं । सभ्य छौं । बुद्धिमान् छौं । बोल्यौं, चासो देखायौं भने हामी पाखे हुन्छौं । हामी पाखे हुन चाहँदैनौं ।

दृष्टान्तका लागि एकछिन् भुस्याहा कुकुरहरुकै कुरा गरौं, कुकुर जहाँको आओस्, जस्तोसुकै आओस्, हाम्रो गल्लीमा आएपछि हामी त्यसलाई बिस्कुट खुवाउन रमाइलो मान्छौं । यसैले हाम्रा शहरहरुमा घरघरभित्र विज्ञापनसहितका ठूलाबडा विदेशी कुकुरहरु छन् भने सडक गल्लीहरुमा आबारा कुकुरहरु छन् । ती पनि दुर्पन्न दिल्लीका जस्तै, विहार र युपीका जस्तै रुपरङ्ग र प्रकृतिका आबारा कुकुरहरु बढी छन् । मेयर बालेन ठिक्कै भन्छन्, एउटा गल्ली खाली बनाउँदा अर्को गल्लीबाट पस्छन्, भरिन्छन् । सबै गल्ली खाली बनाउँदा दच्छिना अलच्छिना छिमेकी मुलुकबाट पस्छन् । नेपालमा कुकुर व्यवस्थापन गर्न छिमेकीकै कारण पनि सम्भव छैन । खुल्ला सिमानाका कारण पनि सम्भव छैन ।

कुरा कुकुरहरुको मात्र छैन । कुरा मान्छेहरुको पनि छ । मान्छेहरु जो रैथाने होइनन्, परिचित पनि होइनन् । को हुन् ? कहाँका हुन् ? के-कस्तो नियतले छ्याप्छ्याप्ती भएका छन् ? जानकारीभित्रका पनि होइनन् । सर्वथा अपरिचित मान्छेहरु हाम्रा सडक गल्लीहरुमा छ्याप्छ्याप्ती भएका छन् । बृहस्पति अस्ताएको समय त भैगयो, उदाउँदा पनि हाम्रो चेतनाकाशमा उदाउन छोडेको समय छ । यसै भएर हामी सामान्य नीति र दुश्मनको राजनीतिमाथि गम्भीर हुन छाडेका छौं ।

यस्य न ज्ञायते शीलं न कुलं न पराक्रमम् । न तेन सङ्गतिं कुर्यात् इत्युवाच वृहस्पति: । अर्थात् जसको शील-स्वभाव थाहा छैन, कुल-परम्परा-परिवार थाहा छैन, राजनीतिक सामरिक क्षमता थाहा छैन, त्यस्तासँग नजिक नहुनु अर्थात् आफूभित्र प्रवेश नदिनू । यो बृहस्पतिले दिनुभएको सल्लाह हो ।

यी सडक गल्लीका छ्याप्छ्याप्ती अपरिचित मनुवाहरु को हुन् ? के हुन् ? यिनको शील, स्वभाव, कुल, परम्परा, परिवार, राजनीतिक सामरिक क्षमता के हो ? हामीलाई थाहा छैन । थाहा पाउन प्रयत्न पनि छैन । सडकमा निस्कँदा, सार्वजनिक बसबाट सहायक चालक कराउँछ- सिट खाली, सिट खाली । बस कुरी बसेकाहरु तँछाड मछाड शैलीमा हुर्रिएर बसमा चढ्छन् । हाम्रा गाउँघर र शहरमा पनि हरेक क्षेत्रमा कामदारहरु छैनन् । विदेश पसेका छन् । जताततै सिट खाली छ । विहारी आऊन्, बङ्गाली आऊन्, युपीवाले आऊन्, रोहिङ्ग्या आऊन्, पस्न पाएका छन् । कामदारका भेषमा चोर, फटाहा, लुच्चा, छुच्चा, डाँका, ज्यानमारा, सुराकी, खुराकी जो जहाँबाट आऊन्, ढोका खुल्ला छ, सिट खाली छ ।

कुरा कबाडी सेनाको मात्र छैन । सडकपेटी निर्माण क्षेत्र, कृषि क्षेत्र, भवन निर्माण क्षेत्र, ठूला सडक निर्माण क्षेत्र, बाथरुम, भान्छा निर्माण, धारा-बिजुलीका जडान, मर्मत, हरेक क्षेत्रमा कामदारका सिट खाली छ । ग्यास चुल्हो मर्मत गर्ने, हतियार साँध लाउने, सिरक-डस्ना बनाउने सवै सिट खाली छन् । सिकर्मी, डकर्मी, नकर्मी सबै कर्मीका सिट खाली छन् ।

पहिले तराईमा मात्र पस्थे, बस्थे । अब नेपालको नागरिकतालगायत सर्वाधिकार पाएका महान् भारत रत्न राजेन्द्र महतोहरुका योजनाबद्ध नेतृत्वमा पहाडी र हिमाली भेगतिर पनि पस्न-बस्न पुगेका छन् कबाडी सेनाहरु । सरकारले जनता लखेटेर जताततै सिट खाली जो गराइदिएको छ, खाली सिट भेटिएपछि उभिनुपर्दैन, थ्याच्च बस्नै पाइन्छ, गर्मीले आलसतालस भैंसीले पानीको अहाल भेटेपछि सरासर पसेर थ्याच्च बसेजस्तै । दृश्य हेरि बसेका सीमापरिका बूढापाकाहरु भन्दा हुन्, ‘गैल भैंस पानीमे ।’ पहिले-पहिले नोक्सानको अनुभूति हुँदो हो यो, अहिले नाफाको अनुभूतिमा छ। नेपाल पसेपछि ढुक्क । त्यहाँ सिटको सरल व्यवस्था छ । सरकारमा आफ्नै आफन्तहरु छन् । फरक पर्दैन । जाऊ, नागरिकता लिऊ, राजनीति गर, बिचौलिया बन, अथवा जे जानेको छ त्यो गर, कमाऊ । काठमाण्डुका हवापानी अच्छा है । बहुत अच्छा है । मजा आएगा ।

घरघरमा जय शम्भो भन्दै मागिहिँड्ने भगवा वस्त्रधारी, त्रिशूलधारी, भस्मधारी, जटाधारी, विविध भेषधारी जोगी सबै विदेशी, सडकमा हिँडेर, पेटीमा बसेर विभिन्न हावभाव, अभिनय र दीनता प्रदर्शनसहितका अवस्था र अनुहारमा मागिहिँड्ने मगन्तेहरु विदेशी, सपाङ्ग, अपाङ्ग, बूढाबूढी, तन्नेरी-तरुनी जे-जस्ता पनि मगन्ते विदेशी भेटिन्छन् । काठमाडौंको गल्लीदेखि नयाँसडकसम्म साडी, चोलो र गहनाले झरिझुट्ट हुँदै एक हातमा नोट देखाउँदै अर्को हातले नोट मागिहिँडेका युवतीहरु पनि हिजोआज देखिएका छन् । ती कुन लिङ्गी हुन् ? जुनसुकै लिङ्गी भए पनि ती नेपालीचाहिँ होइनन् । अब त मिलोस् वा नमिलोस्, टाउकामा नेपाली टोपी भिरेर सडक, बसपार्क जताततै मागिहिँड्ने विदेशी बालबालिकाको हुल पनि देखिन थालेको छ ।

माथि सरकारदेखि ऐन-कानुन, वातावरण मिलाएर सल्लाहकार, ठेकदार, मतियार, वंशज, जन्मसिद्ध, अङ्गीकृत आदि इत्यादि परिधानमा सरक्क-सुटुक्क नेपाली नागरिक हुँदै हाकिम, बडाहाकिम, मन्त्री पद पड्काएका विदेशीहरु छन् । पत्रकार, व्यापारी, बिचौलिया तथा तस्कर बनिआएका विदेशीहरु छन् । कतिले राजधानी लगायत शहरमा महल उभ्याइसकेका छन् । यसरी राजनीतिमा, व्यापारमा, कृषिमा, दलालीमा, तलदेखि माथिसम्म याचकदेखि नेतृत्व तहसम्म विदेशीले ढपक्कै ढाक्दे जान थालेपछि नेपाल कति नेपाल रहला ? कहाँ नेपाल रहला ? सिमानाका व्यथा-कथा त उकुज पल्टिसकेकै छ । कति चोक्टा लुछिइसकेका छन् । जनसमाजमा भित्रभित्रै पनि घाउ बनाएर झिँगा भन्कने क्रम अरु बढेको छ ।

हाम्रा नेपाली द्रष्टाहरु माथि-माथि उडेर हेर्छन् अथवा गाडीमा गुडेर हेर्छन् । कथंकदाचित् धर्तीमा उत्रेरै हेरे पनि सिंहावलोकन हेर्छन्, विहङ्गावलोकन हेर्छन् । यस्ता अवलोकनमा खास केही देखिएलाजस्तो पनि लाग्दैन । धेरै माथिबाट हेर्दा हात्ती पनि कमिला देखिन्छन् । धर्तीमा उत्रेर नजिकैबाट हेर्नेमा पनि आँखाका सवाल छन् । हेर्ने आँखा र देख्ने आँखा फरक हुन्छन् । देख्ने आँखा नभएकाहरु हेर्न त हेर्छन् तर देख्दैनन् । नेपालबाट रित्तिँदै गएका स्वदेशीहरु र भरिँदै गएका विदेशीहरुलाई फरक छुट्याएर छर्लङ्ग देख्ने आँखाहरु पनि नेपालमा छन् ? छन् भने कहाँ छन् ? राष्ट्रिय परिचय पत्र बनाउन फोटो खिचाइरहेका छन् कि माथि बसेर त्यसको हिसाबकिताब मिलाइरहेका छन् ? अथवा किंकर्तव्यविमूढ बनेर आपसमै रोइरहेका छन् ? देशभक्त नेपालीहरुका लागि यो आज एक गम्भीर चिन्ताको विषय बनेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# ‘बजार चलायमान बनाउने’ मौद्रिक नीति तयार, पारित गर्न शुक्रबार बोर्ड बैठक



काठमाडौं/अर्थतन्त्रमा सुस्तीको समस्या देखिइरहेको अवस्थामा ‘बजार चलायमान बनाउने’ मौद्रिक नीतिको मस्यौदा नेपाल राष्ट्र बैंकले तयार गरेको छ । आगामी मौद्रिक नीतिको अन्तिम तयारीबारे राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थमन्त्री विष्णु पौडेललाई बिहीबार ब्रिफिङ गरेका छन् ।

राष्ट्र बैंक व्यवस्थापन समिति बैठकमा मौद्रिक नीतिबारेको छलफल सकिए लगत्तै बिहीबार १ बजे अधिकारीले अर्थमन्त्री पौडेललाई भेटेर ब्रिफिङ गरेका हुन् । ‘गभर्नर अधिकारी मन्त्रीज्यूलाई भेट्न बिहीबार दिउँसो १ बजे आउनुभएको थियो । छोटो छलफल गरेर निस्कनुभयो,’ अर्थ मन्त्रालय स्रोतले भन्यो ।

गभर्नर अधिकारीले शुक्रबार बिहान ८ बजेका लागि राष्ट्र बैंक बोर्ड बैठक समेत डाकेका छन् । बिहान ८ बजे डाकिएको सञ्चालक समिति बैठकमा मौद्रिक नीति र अन्य एजेन्डा रहेको स्रोतले जनाएको छ । ‘शुक्रबार बिहानको बैठकमा छलफल टुंगियो भने दिउँसो नै मौद्रिक नीति सार्वजनिक हुन्छ । छलफल सकिएन भने १ बजेपछि अर्को बैठक बसेर भए पनि साँझसम्म मौद्रिक नीति सार्वजनिक गर्ने तयारी हो,’ राष्ट्र बैंक स्रोतले भन्यो ।

व्यवस्थापन समितिको छलफल करिब सकिएको र विभागीय प्रमुखसँगको छलफल पछि अहिलेको मस्यौदामा केही परिमार्जन हुनसक्ने स्रोतको भनाइ छ । ‘मौद्रिक नीति आर्थिक गतिविधि चलायमान बनाउनेमा नै केन्द्रित हुन्छ । मौद्रिक नीतिलाई बाँधेर राखेको नियामकीय नीतिमा आवश्यक परिमार्जन गर्नेमा मौद्रिक नीति लक्षित रहेको छ,’ राष्ट्रबैंक स्रोतले बतायो ।

मौद्रिक नीतिप्रति अपेक्षा धेरै नै रहेकोले सबैको समाधान मौद्रिक नीति हुन नसक्ने राष्ट्र बैंकका ती अधिकारीले बताए । यद्यपि निजी क्षेत्र र बैंकर्सको समस्या सम्बोधन गर्नेमा मौद्रिक केन्द्रित हुने राष्ट्र बैंकका अधिकारीहरू बताउँछन् ।

‘मौद्रिक नीति उदार हुने संकेत गभर्नरले नै गरिसक्नु भएको छ,’ राष्ट्र बैंकको एक उच्च स्रोतले भन्यो, ‘ब्याजदर घटेको, बजारमा अधिक तरलता भएर राष्ट्र बैंकले तरलता खिच्ने ठूलो लागत खर्च गर्नुपर्ने अवस्था छ । रिकभरी दबाबमा रहेका बैंकहरूको कर्जा विस्तार पनि नहुँदा मुनाफाको दबाबमा छन् । यस्तोमा अहिले बजार चलायमान बनाउने नीति नै चाहिन्छ ।’

मौद्रिक औजार चलाउने धेरै ठाउँ नभए पनि मौद्रिक औजारले काम गर्ने वातावरण बनाउन नियामकीय नीति पनि लचिलो हुनुपर्ने र मौद्रिक नीति त्यसैमा लक्षित हुने ती बोर्ड सदस्यले बताए । गभर्नरको योजना भोलिको छलफलपछि मात्रै थाहा हुने भए पनि मौद्रिक नीति बजाार चलायमान बनाउन आवश्यक नियामकीय नीति लचिलो बनाउनेमा केन्द्रित हुनुपर्ने उनले बताए ।

मौद्रिक नीति छलफलमा सहभागी राष्ट्र बैंकका अधिकारीहरू पनि धेरै हदसम्म निजी क्षेत्र र बैंकर्सको अपेक्षाअनुसारकै मौद्रिक नीति आउने बताउँछन् । गभर्नरलाई राजनीतिक स्वार्थमा काम गरेको आरोप पनि लाग्नसक्छ ? भन्ने प्रश्नमा ती बोर्ड सदस्य भन्छन्, ‘अहिले परिस्थिति अनुसारको मौद्रिक नीति आउँछ । मौद्रिक औजारमा सकिनेसम्मको लचकता अपनाउने र त्यसलाई कार्यान्वयन गर्न नियामकिय नीति पनि आवश्यकता अनुसार लचिलो बनाउनेमा केन्द्रित छ ।’

निजी क्षेत्र र बैंकरबाट धेरै उठेका र समस्या भयो भनेको नियामकीय नीतिमा परिमार्जनका लागि बैंक तथा वित्तीय संस्था नियमन विभागबाट नै प्रस्ताव आएको र त्यसमा व्यवस्थापन समिति धेरै हदसम्म सकारात्मक रहेको स्रोतको दाबी छ । निजी क्षेत्रले कारोबार नै घटेको अवस्थामा चालुपूँजी कर्जा मार्गदर्शनको वार्षिक कारोबार सीमाले अहिले कर्जामा समस्या हुने भनदै त्यसमा राष्ट्र बैंक लचिलो बन्नुपर्ने बताउँदै आएको छ । त्यसमा राष्ट्र बैंक सकारात्मक रहेको स्रोतको दाबी छ ।

विशेष गरेर चालुपूँजी कर्जा मार्गदर्शनमा भएको वार्षिक कारोबार सीमामा कर्जा अनुपात, मार्गदर्शन लागू हुनुपुर्व लगानी भएको कर्जामा सीमाभन्दा बढी कर्जा प्रवाह भएको भए २०८२ असारभित्र सीमाभन्दा धेरै रहेको कर्जा २०८२ असारभित्र पूर्ण रुपमा चुक्ता गर्नुपर्ने व्यवस्थामा केही समय थप गर्दै त्यसको तालिका पर सार्न निजी क्षेत्रसँगै बैंकर्सले पनि आग्रह गर्दै आएका छन् ।

यस्तै चालुपूँजी कर्जाको क्यास क्रेडिट खातामा मार्गदर्शन लागु भएको पहिलो वर्ष लगातार ७ दिन कुल कर्जाको ३० प्रतिशत भन्दा रकम बक्यौता, दोस्रो वर्ष २० प्रतिशत भन्दा कम बक्यौता र तेस्रो वर्ष १० प्रतिशतभन्दा कम बक्यौता कायम गर्नुपर्ने व्यवस्थामा समेत पुनर्विचार गर्न बैंकर र निजी क्षेत्रले आग्रह गर्दै आएका छन् ।

गत मंगलबार साँझ भएको गभर्नर र अर्थमन्त्री बीचको छलफलमा समेत चालुपूँजी कर्जा मार्गदर्शनमा केही लचकता अपनाएर जाने विषयमा सहमति भएको स्रोतको दाबी छ । लचिलो नीति बनाउँदैमा बैंकहरूले व्यवसाय विस्तार गर्ने अवस्था नभएको भन्दै त्यसका लागि आधार सिर्जना गर्नेमा समेत मौद्रिक नीति केन्द्रित हुनेछ ।

‘मौद्रिक नीतिले एउटा संकेत दिने हो । त्यसमा निजी क्षेत्र र सरकारको समेत प्रयास चाहिन्छ,’ राष्ट्र बैंक स्रोत भन्छ, ‘बैंक तथा वित्तीय संस्थाको स्वास्थ्यमा केही समस्या छ । त्यसमा सरकार र राष्ट्र बैंक मिलेर समाधान दिनुपर्छ । नियमन विभागले पनि बैंकहरुको उठ्न बाँकी ब्याजलाई नियामकीय जगेडामा गणना र पूँजीकोषमा गणाना गर्ने सम्बन्धमा केही परिमार्जन गर्ने विषयमा छलफल गरेको छ ।’

यस्तै बैंकहरूको सम्पत्तिको वर्गीकरणसम्बन्धी व्यवस्थामा समेत परिमार्जन हुनसक्ने ती अधिकारीले बताए । अहिले भाखा ननाघेको वा १ महिनासम्म भाखा नाघेको कर्जालाई असल, १ देखि ३ महिना भाखा नाघेको कर्जालाई सूक्ष्म निगरानी, त्यसभन्दा माथि भाखा नाघेको कर्जालाई निष्क्रिय वर्गमा वर्गीकरण हुन्छ । निष्क्रिय कर्जामा पनि ३ देखि ६ महिनासम्म भाखा नाघेको कर्जा कमसल, ६ देखि १ वर्ष भाखा नाघेको कर्जा शंकास्पद र १ वर्षभन्दा माथि भाखा नाघेको कर्जा खराब वर्गमा वर्गीकरण हुन्छ । यसरी वर्गीकरण भएको कर्जामा ऋणीले बक्यौता रकम भुक्तानी गरे पनि उक्त रकम भुक्तानीपछि लगातार ६ महिना किस्ता वा ब्याज नियमित भएको अवस्थामा मात्रै त्यस्तो कर्जालाई असल वर्गमा वर्गीकरण गरी प्रोभिजन राइटब्याक गर्न पाइने व्यवस्था छ । यसले अहिले चुनौतीपूर्ण अवस्था र बैंकहरूको बिग्रिएको वित्तीय विवरणमा बक्यौता उठेको कर्जामा समेत प्रोभिजन राइटब्याक गर्न नपाउँदा समस्या भएको भन्दै त्यसमा पुनरावलोकन गर्न बैंकरले माग गर्दै आएका छन् । त्यसमा समेत सकारात्मक छलफल भएको स्रोतको दाबी छ ।

बैंकहरूको बजारमा कर्जा प्रवाह गर्नसक्ने अवस्था सिर्जना गर्न आवश्यकता अनुसार केही कर्जाको जोखिम भारमा समेत पुनरावलोकन गर्ने केन्द्रीय बैंकको तयारी छ । ५० लाखभन्दा माथिको सेयर धितो कर्जामा १२५ प्रतिशत रहेको जोखिम भार घटाउने, ट्रस्ट रिसिप्ट लगायतका आयात कर्जाको जोखिम भार घटाएको अवस्थामा पनि कर्जा लगानीका लागि केही आधार बन्नसक्ने बैंकर्स बताउँछन् ।

त्यस्तै, सेयर धितो कर्जाको व्यक्तिगततर्फ १५ करोड र संस्थागततर्फ २० करोडको सीमामा पुरावलोकन हुने सम्भावना रहेको पनि स्रोतको भनाइ छ । माइक्रोफाइनान्समा लाभांश वितरण गर्न पाउने सीमा १५ प्रतिशत रहेकोमा त्यसमा परिमार्जनको सम्भावना रहेको पनि बताइन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# टि-फल्कले नेपाल भित्रायो ‘ब्याड न्यूज’, सुखद् व्यापारको प्रक्षेपण



काठमाडौं/यतिबेला नेपालका हलमा विदेशी फिल्मको दबदबा देखिएको छ । हलिउड र बलिउडसहित करिब ६ वटा फिल्म प्रदर्शन भैरहेका छन् भने नेपाली एउटा मात्र छ । अब आज शुक्रबार बाट अर्को आशातित बलिउड फिल्म थपिँदैछ, ‘ब्याड न्यूज’ । सन् २०१९ मा आएको सफल फिल्म ‘गुड न्यूज’को फ्रेन्चाइज भएकाले यसले नेपालमा पनि राम्रो व्यापार गर्ने प्रक्षेपण गरिएको छ ।

टि-फल्क कम्पनीले नेपाल भित्राएको ‘ब्याड न्यूज’को मल्टीप्लेक्सहरुमा बुकिङ खुल्ला भैसकेको छ । र, फिल्मलाई उल्लेख्य शोज उपलब्ध गराइएको छ । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले मात्र काठमाडौंका ७ वटा हलमा ३२ शोज तथा मोफसलका ९ वटा हलमा ४२ शोज गरी ७४ शोज दिएको छ । यसले पनि यो फिल्मप्रति हल व्यवसायीहरुले ठूलो अपेक्षा राखेको बुझ्न सकिन्छ ।

आनन्द तिवारीको निर्देशनमा तयार भएको ‘ब्याड न्यूज’को ट्रेलर र ‘तौबा तौबा’ गीत रिलिज भएपछि भारतमा ठूलो ‘हाइप’ बनेकाले ८ देखि ९ करोड हाराहारीको ओपनिङ गर्न सक्ने भारतीय मिडियाले प्रक्षेपण गरेका छन् । एड्भान्स बुकिङबाटै बिहीबार दिउँसो १ बजेसम्म फिल्मले ४३ हजार टिकट बिक्री गर्दै १ करोड २० लाखको व्यापार गरिसकेको इन्डिया टूडेले समाचार मा जनाएको छ ।

फिल्ममा विक्की कौशल, तृप्ति डिमरी, ऐमी विर्क, नेहा धुपिया, अनन्या पाण्डे, सान्या मल्होत्राको अभिनय छ । करण जोहर, अपुर्व मेहता, हिरो यश जोहर, अमृतपाल सिंह बिन्द्रा र आनन्द तिवारीको निर्माण रहेको फिल्मले हेटेरोपेट्रनल सुपरफेकुलेशनको कथा उठाएको छ । यसको मतलब प्रजनन प्रक्रियामा जुम्ल्याहा बच्चाहरु एउटै आमाबाट जन्मन्छन् तर बुबा चाहिँ अलग-अलग हुन्छन् ।

# बोर्डको निर्णय फेरि विवादमा, विज्ञमा नाम राखेकोमा प्रकाश सायमीको आपत्ति



काठमाडौं/अभिनेता भुवन केसीको फिल्मी करिअर जति सफल छ, उत्तिकै विवादित पनि छ । उनको विवादको श्रृंखला चलचित्र विकास बोर्ड पुग्दा पनि रोकिएन । उनका एकपछि अर्को निर्णयहरु विवादमा तानिएका छन् । जसले गर्दा उनको कार्यकाल बोर्डकै इतिहासमा विर्सनलायक बनेको छ । अब यही साउन ९ गतेबाट उनको २ वर्षे कार्यकाल सकिँदैछ । र, उनको विदाई पनि विवादबाटै हुँदैछ ।

भुवनले आफ्नो कार्यकालको पूर्वसन्ध्यामा फिल्म क्षेत्रको ‘न्वारन’ गर्न खोजेका थिए । तर, त्यसको सर्वत्र विरोध भएपछि उनी रोकिन पुगे । अब बोर्डबाट विदा हुनै लाग्दा उनको अर्को निर्णय विवादित बनेको छ । राष्ट्रिय चलचित्र पुरस्कार एवं दीर्घ साधना सम्मानका लागि निर्णायक (जुरी) छनोट गर्न ३५ जना ‘विज्ञ’को नाम सार्वजनिक गरिएपछि सम्बन्धित फिल्मकर्मीले नै आपत्ति जनाएका छन् ।

३५ जना विज्ञमा बसुन्धरा भुषालदेखि केकी अधिकारी सम्मको नाम छ । यसमध्ये निर्देशक एवं समालोचक प्रकाश सायमीले आफ्नो नाम विज्ञमा राखेकोमा आपत्ति जनाएका छन् । आफूले कुनै राजनीतिक पार्टीको समर्थक एवं कार्यकर्ता चयन गर्ने चलचित्र विकास बोर्डको कुनै पदमा आजीवन नबस्ने निर्णय गरेको बताउँदै उनले बोर्डले आफ्नो अनुमति विना विज्ञमा नाम राखेको जनाएका छन् ।

उनले बिहीबार फेसबुकमा स्टाटस लेख्दै भनेका छन्, ‘केही समयदेखि राजनीतिक पार्टीले आफ्ना समर्थक वा कार्यकर्ता चयन गर्दै आएको चलचित्र विकास बोर्डमा कुनै पदमा रहन चाहन्नँ भन्दै आएको दशकौं भैसक्यो । यस अवस्थामा मेरो अनुमति विना चलचित्र विकास बोर्डले चलचित्रविज्ञ सदस्यको रुपमा नियुक्त गरेकोमा मेरो घोर आपत्ति छ । समाचारमा यो खबर देखेर स्तब्ध भएको छु ।’

बोर्ड फेरि एमाले सरकारको मातहतमा गएकाले शाखा अधिकृत सरहको पदमा पार्टीको निर्देशनमा साउन ९ गतेपछि कुनै पार्टीका कार्यकर्ता नियुक्ति हुनेमा विश्वास व्यक्त गर्दै निर्देशक सायमीले त्यसका लागि सरकारलाई व्यंग्यात्मक रुपमा धन्यवाद समेत भनेका छन् । उनले आफू आजीवन कुनै प्राज्ञ, कुलपति एवं उपकुलपति जस्तो राजनीतिक भर्ति केन्द्रमा पनि नरहने घोषणा गरेका छन् ।

बोर्डले सार्वजनिक गरेको विज्ञको नामप्रति सम्बन्धित व्यक्तिले नै आपत्ति जनाउन थालेपछि बोर्ड सदस्य केएल बुढाथोकी बचाउमा उत्रिएका छन् । बोर्डको विवादित निर्णयको विषयमा एक पत्रकारले लेखेको स्टाटसमा कमेन्ट गर्दै उनले जुरी छनोट गर्नुभन्दा अघि विज्ञहरुको सूची तयार गर्नु राम्रो रहेको जनाएका छन् । विज्ञहरुको सूचीबारे खुल्ला रुपमा विचार/विमर्श गर्न केएलको आग्रह छ ।

# अर्थ मन्त्रालयमा सहमति जुटेपछि मधेश सरकारले पायो पूर्णता

जनकपुरधाम/ मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीलाई मधेश सरकारमा सहभागी गराउँदै मन्त्रिपरिषदलाई पूर्णता दिएका छन् । बिहीबार नेपाली कांग्रेसका ४ र लोसपाका एक जनासहभागी भएपछि मधेशको मन्त्रिपरिषद १५ सदस्यीय पुगेको छ ।

मधेश सरकारमा कांग्रेस र एमालेले ४-४ मन्त्रालय, जनमत पार्टीले मुख्यमन्त्री बाहेक २ मन्त्रालय र लोसपाले १ मन्त्रालय पाएको छ । त्यस्तै ३ जना राज्यमन्त्री छन् । कांग्रेसबाट सुनिलकुमार यादव अर्थमन्त्री, जनार्दन क्षेत्री भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री, शेषनारायण यादव ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री र कौशल किशोर राय श्रम तथा यातायात मन्त्रीमा बनेका छन् । लोसपाकी रानी शर्मा तिवारी शिक्षा तथा संस्कृति मन्त्री बनेकी छन् ।

मुख्यमन्त्री सतिशकुमार सिंहले २७ जेठमा बिना विभागीय मन्त्री बनाएका आफ्नो पार्टी जनमतका सकिल मियालाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रीको जिम्मेवारी तोकेका छन् ।

शिक्षा तथा संस्कृति मन्त्री रहेका एमालेका राजकुमार लेखीलाई गृह, सञ्चार तथा कानुन मन्त्रीको जिम्मेवारी दिइएको छ । नवनियुक्त मन्त्रीहरुले बिहीबार नै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीबाट पद तथा गोपनीयताको शपथ लिएका छन् । २५ जेठमा नेकपा एमाले र माओवादी केन्द्रसहित ६ दलको समर्थनमा मुख्यमन्त्री बनेका जनमतका सिंहले तेस्रो पटकको विस्तारमा मन्त्रिपरिषदलाई पूर्णता दिएका हुन् ।

मुख्यमन्त्री सिंहलाई २२ असारमा कांग्रेस र लोसपाले विश्वासको मत दिएको थियो । कांग्रेस र लोसपालाई सहभागी गराउन विश्वासको मत लिनुअघि मुख्यमन्त्री सिंहले माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीका ६ मन्त्रीलाई बर्खास्त गरेका थिए । १७ जेठमा केन्द्रमा कांग्रेस र एमालेको समीकरण बनेपछि दुबै दल मधेशमा जनमत सरकारलाई निरन्तरता दिन सहमत भएका थिए ।

कांग्रेसले सरकारमा सहभागी हुन अर्थ मन्त्रालय पाउनुपर्ने शर्त राखेको थियो । तर जनमत पार्टीले अर्थमन्त्रालय आफैं राख्ने अडान लिएपछि तत्काल सहभागी भएन । कांग्रेसले अर्थ नदिए समर्थन फिर्ता लिनेसम्मको धम्की दिएको जनमत पार्टीका नेताहरु बताउँछन् । प्रदेशमा कुरा नमिलेपछि यो विषय दुबै दलको केन्द्रीय नेतृत्वसम्म पुग्यो ।

*(स्रोत: अनलाइनखबर)*

# धितोपत्र बोर्ड अध्यक्षको जिम्मेवारी महेश बराललाई

काठमाडौं/नेपाल धितोपत्र बोर्ड अध्यक्ष हैसियतमा महेश बरालले जिम्मेवारी लिएका छन् । बरालले अर्थमन्त्री बिष्णुप्रसाद पौडेल समक्ष बिहीबार पद तथा गोपनीयताको सपथ लिई पदबहाली गरेका हुन् । मन्त्रीस्तरीय निर्णयानुसार सहसचिव बराल बोर्डको संचालक सदस्यमा मनोनयन भएका थिए । धितोपत्र सम्बन्धी ऐन, २०६३ मा नेपाल धितोपत्र बोर्डको अध्यक्ष पद रिक्त भएमा अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बोर्डको अध्यक्ष हैसियतमा काम गर्ने व्यवस्था बमोजिम उनी अध्यक्ष तोकिएका हुन् । उनी बोर्ड अध्यक्षको साथै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासकको रूपमा समेत कार्यरत छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

“हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक”
“गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता”

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा
(+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाकलाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान), अध्यक्ष, ९८११८८२२८६
श्री रामसागर गुरागाई, प्रधानाध्यापक, ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

# नेपालबाट लगेको कागजमा छापिन्छ जापानी रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/हजारौं नेपाली अध्ययन र रोजगारीका लागि जापान पुगेका छन् । उनीहरुको प्रमुख उद्देश्य नै पैसा कमाउने हो । त्यो जापानी चम्किला येन नोट (पैसा) आर्जन गर्न जति लामो यात्रा गर्नुपर्छ । त्यो जापानी येन नोट बन्ने कच्चापदार्थले पनि त्यति लामोयात्रा गनुपर्छ ।

भन्नुको तात्पर्य जापानी येन नोट बनाउन कच्चापदार्थ नेपालबाटै निर्यात हुन्छ । सन् १९९० मा जापानी सरकारका लागि कागज उत्पादन गर्ने कम्पनी कानपाउका नेपालमा इनार खन्न नेपाल आएको थियो । झट्ट हेर्दा पहेलो लालीगुराँस जस्तो देखिने फूलको रुख र पात पनि लालगुराँसकै छ, त्यस रुखबाट कागज बनाउन सकिन्छ भन्ने कानपाउका प्रतिनिधिले पत्ता लगाएका थिए । उनीहरुले त्यही बेला नै नेपाली किसानलाई त्यसको खेती र संरक्षण कसरी गर्ने ? भन्ने बारे सिकाए । सुरुमा थोरै मात्रामा उत्पादन र निर्यात गरिएको थियो । अहिले पनि उत्पादन र निर्यात भइरहेको छ ।

त्यो फूलको भिब्रान्ट 'एल्लो फ्याउरिङ' अंग्रेजी नाम दिइएको छ । प्रत्येक वसन्तमा,

## नेपालमा खेती गरी आम्दानी गर्न सुझाउँदै जापानी

पहाडहरु पहेँलो रंगमा झर्छन्-मित्सुमाता बोटका फूलहरु, जसलाई आर्गेली वा पेपरबस पनि भनिन्छ । यो फूल नेपालको उच्चपहाडी र हिमाली भूभागमा पाइन्छ । नेपालीमा नाम भने प्रष्ट हुन बाँकी छ । हाल यसको खेती इलामको उच्चपहाडी भेगमा हुने गरेको पाइन्छ । यसको बोक्रामा लामो, बलियो फाइबर बन्छ । जुन पातलो तर, टिकाउ कागज बनाउनका लागि उपयुक्त मानिन्छ ।

यसलाई किसानहरुले गर्मीको सुरुमा बिरुवा लगाउँछन् । शरद ऋतुमा हाँगाहरु काट्छन् । त्यसपछि छालालाई स्टीमिङ, छाला हटाउने, धुने र सुकाउने प्रक्रियाबाट धेरै महिना खर्च गर्छन् । जब कच्चा कागज जाडोमा तयार हुन्छ । यो काठमाडौं पठाइन्छ र पश्चिम भारतीय सहर कोलकाता बन्दरगाह हुँदै जहाजबाट योकोहामा, जापानमा पठाइन्छ । यसलाई जापान लगेर जाँचपछि, कागजलाई अझै प्रशोधन गरिन्छ । मुद्रित गरिन्छ, र नजिकैको ओडवारा सहरमा रहेको राष्ट्रिय मुद्रण ब्युरोमा नगदमा काटिन्छ ।

'मलाई साँच्चै लाग्छ कि नेपालले जापानको अर्थतन्त्रमा योगदान पुर्‍याएको छ, किनकि नगद जापानी अर्थतन्त्रमा आधारभूत छ,' कानपाउका अध्यक्ष तादाशी मात्सुबाराले भने, 'नेपाल नभए जापान चल्दैनु ।,' कानपाउसँग उनीहरुको साझेदार गाउँहरुको औसत आम्दानीको तथ्याङ्क छैन, मत्सुबाराले भने-'तर, उसले त्यो उचाइमा अन्य प्रमुख कृषि उत्पादनको कमीलाई ध्यानमा राखेर प्रत्येक घरले १०,००० येन (लगभग ४६२ डलर) भन्दा कम कमाउने अनुमान गरेको छ ।'

इलामबाट पेपरबुसको पछिल्लो बाली जापानलाई १८०,००० येन (लगभग १,११४ अमेरिकी डलर) भन्दा बढीमा बेचिएको थियो । यसको अर्थ जिल्लाभित्र सहभागी ६ जना कृषक समूहका प्रत्येकले करिब ३०,००० येन (१८५ डलर) राजस्व प्राप्त गरेको मत्सुबाराले बताए । सीएनएनले मात्सुबाराको दाबीलाई स्वतन्त्र रुपमा प्रमाणित गर्न सकेन । 'सुरुमा यो गतिविधि नेपाललाई जापानी सहयोगको बारेमा थियो । अब, मलाई लाग्छ यो फरक छ' नेपाली जनताले जापानलाई सहयोग गर्न कडा परिश्रम गरिरहेका छन्,' उनले भने ।

मात्सुबारका अनुसार यसलाई पहिले जापानमै उत्पादन गरिन्थ्यो । तर, उत्पादन वर्षौंदेखि क्रमश: घट्दै गएको छ । नेपालले यसको उत्पादन बढाएर निर्यात गर्न सक्यो भने नेपाली किसानले राम्रो आम्दानी गर्न सक्थे ।

यो ग्रामीण क्षेत्रमा भएको जापानमा यसलाई कठिन कामको रुपमा लिन्छन् । मानिसहरु कामको खोजीमा ग्रामीण क्षेत्रबाट ठूला सहरहरु, जस्तै टोकियो, ओसाका सर्ने क्रम बढ्दैछ । 'वास्तविकता भनेको कागजका बोट उत्पादन गर्ने किसानहरुको संख्या कम हुँदै गएको छ' मात्सुबारा भन्छन् ।

*(सिएनएनको सहयोगमा संजीव सुनारले तयार पारेको सामग्री)*

# विपदमा परी हालसम्म १२५ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ पछिल्लो एक महिनाको अवधिमा बाढी, पहिरोलगायत विपद्को विभिन्न घटनामा परेर १२५ जनाको मृत्यु भएको छ । गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायत विपदमा परी बिहीबार दिउँसोसम्म १ सय २५ जनाको मृत्यु भएको हो ।

कोशी प्रदेशमा २२ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशमा २२ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ७ जना र सुदूर पश्चिम प्रदेशमा ८ जना रहेका छन् । साथै विपद्को विभिन्न घटनामा परी यो अवधिमा १४३ जना घाइते भएका छन् । विपदमा परी कोशी प्रदेशमा ३४ जना, मधेश प्रदेशमा ९ जना, बागमती प्रदेशमा १३ जना, गण्डकी प्रदेशमा २९ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा ३३ जना र सुदूरपश्चिम प्रदेशमा १४ जना गरी १ सय ४३ जना घाइते भएका हुन् ।

घाइतेहरुलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ । यस्तै, यो अवधिमा विपदमा परेका ५३ जनाको उद्दार गरिएको छ भने ८ जना बेपत्ता भएका छन् ।

# मकवानपुरे सांसद महेशको निरन्तर राजनीतिक छलाङ

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ चौथोपटक प्रधानमन्त्रीको सपथ लिएको दोश्रो दिन प्रधानमन्त्री केपी शर्मा ओलीले मकवानपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित महेशकुमार बर्तौलालाई अर्को महत्वपूर्ण जिम्मेवारी प्रदान गरेका छन् ।

प्रधानमन्त्री ओलीले बर्तौलालाई सत्तारुढ दलबाट मुख्यसचेतक नियुक्त गरेपछि उनको राजनीतिक उचाईमा थप बढेको छ । प्रतिनिधिसभा निर्वाचनमा तत्कालीन कांग्रेस-माओवादी-एकीकृत समाजवादी गठबन्धनका नेता विरोध खतिवडालाई पराजित गर्दै ३९ वर्षको उमेरमा पहिलोपटक संघीय संसदमा प्रवेश गरेका बर्तौलालाई प्रतिनिधिसभा प्रवेश गर्नासाथ एमालेले महत्वपूर्ण तथा गहन जिम्मेवारी दिएको थियो ।

पहिलोपटक संघीय संसद प्रवेश गर्नासाथ संघीय संसद नियमावली लेखनको जिम्मेवारी प्राप्त गरेका बर्तौलालाई त्यसपछि एमाले संसदीय दलले सचेतकको जिम्मेवारी प्रदान गरेको थियो । तर, फागुन २१ मा एमाले-माओवादी गठबन्धन सरकार निर्माण भएपछि तत्कालीन एमाले प्रमुखसचेतक पदम गिरी क्याविनेटमा सहभागी भएलगतै उनलाई एक तह बढुवा गर्दै संसदीय दलका नेता ओलीले उनलाई एमाले मुख्य सचेतकको जिम्मेवारी दिए ।

संसदीय क्षेत्रमा देशको दोश्रो ठूलो पार्टीको हैसियत भएको एमालेको तर्फबाट मुख्यसचेतक भएपछि बर्तौलाको चर्चा देशभर चुलियो । त्यसयता एमाले अध्यक्ष समेत रहेका ओलीको विश्वासपात्रको रुपमा निरन्तर देखिएका बर्तौलालाई अध्यक्ष ओलीले एकपछि अर्को महत्वपूर्ण जिम्मेवारी दिँदै आए । राष्ट्रपति निर्वाचनको समयमा एमालेले उम्मेदवार बनाएको राष्ट्रपति उम्मेदवार स्वर्गीय सुवासचन्द्र नेम्वाङको निकट रहेर काम गरेका बर्तौलाले पार्टीले दिएको जिम्मेवारी निभाएको कारण उनलाई टिआरसी विधेयकको विषयमा बनेको समितिमा एमालेको तर्फबाट सदस्य रहेर काम गर्ने मौका पाए ।

हाल सरकारको गृहमन्त्री रमेश लेखक र पूर्वगृहमन्त्री तथा माओवादी नेता जनार्दन शर्मा रहेको कार्यदलमा बर्तौला एमालेको तर्फबाट सदस्य छन् । अध्यक्ष ओलीको दुतको भूमिकामा उनले महत्वपूर्ण निर्णय र अवसरमा सत्तारुढ दल तथा प्रतिपक्षी दलमा रहँदा पार्टी अध्यक्षको मन जितिरहे । परिणामस्वरुप प्रधानमन्त्री नियुक्तिपछि उनलाई अध्यक्ष ओलीले अर्को महत्वपूर्ण भूमिकाको लागि छनोट गरेका छन् ।

पार्टीको निरन्तरको महत्वपूर्ण जिम्मेवारीको विषयमा साझाकुरासँग प्रतिक्रिया व्यक्त गर्दै बर्तौलाले एमालेले युवालाई जिम्मेवारी दिँदै अबको नेतृत्वमा लाउँदैछ भन्ने सन्देश नयाँ पुस्तालाई दिएको बताए । आफूभन्दा निकै अनुभवी तथा संसदीय अभ्यास भएका माननीयहरु एमालेमा हुँदाहुँदै पनि युवा पुस्तालाई पार्टी र संसदीय फाटमा पार्टीले विश्वास गरेको बताउँदै यस्को श्रेय पार्टी अध्यक्ष र एमाले संसदीय दललाई जाने उनले बताए ।

उनले भने, 'हाम्रो पार्टीलेअब युवा पुस्ताको सहभागितामा पार्टी र संसदीय राजनीति अघि बढ्नुपर्छ भन्ने स्पष्ट सन्देश दिएको छ, यो देशको हरेक पार्टी र क्षेत्रले अनुसरण गर्नुपर्ने हुन्छ ।,' उनले आफूलाई पार्टी अध्यक्ष, सिंगो एमाले पार्टीले दिएको जिम्मेवारी निकै महत्वपूर्ण रहेको भन्दै जिम्मेवारीलाई अति गम्भीरतापूर्वक निभाउने बताए ।

# युनिलिभरले ईतिहास रच्दै, सेयरमूल्य हालसम्मकै उच्चस्थानमा

साझाकुरा संवाददाता

हेटौंडा, ३ साउन/ हेटौंडामा रहेको बहुराष्ट्रिय कम्पनी युनिलिभर नेपाल लिमिटेडको सेयर मूल्य ५२ हजार रुपैयाँ भनदा बढी पुगेको छ । २०५३/५४ सालमा जसले यो कम्पनीमा एक हजार रुपैयाँ लगानी गरेको थियो अहिले उसको बजार भाउ ५ लाख ३० हजार रुपैयाँ पुगेको छ ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत यो कम्पनीको सेयर मूल्यले ५३ हजार रुपैयाँको कीर्तिमान बनाएको छ । उत्पानमूलक कम्पनी युनिलिभर नेपालको सेयरमूल्य प्रतिकित्ता झण्डै ५३ हजार रुपैयाँ माथि पुग्दै नयाँ रेकर्ड बनाएको हो । नेप्सेमा सूचीकृत कुनैपनि कम्पनीको सेयर मूल्य प्रतिकित्ता ५० हजार रुपैयाँ नाघेको यो नेपालको इतिहासमै पहिलोपटक हो ।

बिहीबार इन्ट्राडेमा युनिलिभरको सेयरमूल्य प्रतिकित्ता ४ हजार २०४ रुपैयाँले बढ्दै ५२ हजार ९९९ रुपैयाँ पुगेको छ । युनिलिभर नेपाली सेयर बजारमा सूचीकृत २७० कम्पनीमध्ये सबैभन्दा महँगो सेयर मूल्य हुने कम्पनी भएको छ । पछिल्लो २ वर्षयता कम्पनीको सेयर मूल्य लगातार बढिरहेको छ । यसअवधिमै यसको सेयरमूल्य झण्डै तेब्बरले बढेको हो । २०७९ साउनमा प्रतिकित्ता १८ हजार रुपैयाँको हाराहारीमा रहेको कम्पनीको सेयरमूल्य बिहीबार ५३ हजार नजिक पुगेको हो ।

कम्पनीको व्यापारमा सुधार आई वित्तीय अवस्था आकर्षक बनेकाले लगानीकर्ता यसको सेयरमा आकर्षित भएका हुन् । युनिलिभर नेपाली कम्पनीमध्ये सर्वाधिक लाभांश दिने कम्पनी हो । गत वर्षको नाफाबाट कम्पनीले प्रतिसेयर १५८० प्रतिशत नगद लाभांश घोषणा गरेको छ । कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमाससम्म ४८ करोड ६१ रुपैयाँ खुद नाफा कमाएको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा झन्डै ११ करोड रुपैयाँ बढी हो । अघिल्लो वर्षको चैतसम्म कम्पनीले ३७ करोड २६ लाख लाख रुपैयाँ नाफा कमाएको थियो ।

उत्पादन बिक्री आम्दानी बढ्दा र खर्च घट्दा कम्पनीको खुद नाफामा उल्लेख्य सुधार आएको हो । समीक्षा अवधिमा कम्पनीको कुल आम्दानी २.२६ प्रतिशतले बढेर २ अर्ब ६ करोड रुपैयाँ पुगेको छ । गतवर्ष सोही अवधिमा कम्पनीले २ अर्ब २ करोड रुपैयाँ आम्दानी गरेको थियो । यस अवधिमा कम्पनीले खर्च ६.११ करोडले घटाउन सफल भएको छ । गतवर्ष तेस्रो त्रैमासमा १ अर्ब ५४ करोड रुपैयाँ रहेको कम्पनीको खर्च यसवर्ष घटेर १ अर्ब ४५ करोड रुपैयाँमा झारेको छ ।

हाल ९ करोड २१ लाख रुपैयाँ चुक्ता पूँजी रहेको कम्पनीको रिटेन्ड अर्निङ्मा ४ अर्ब २६ करोड रुपैयाँ संचित छ । समीक्षा अवधिमा कम्पनीको प्रतिसेयर आम्दानी २१५२ रुपैयाँबाट बढेर वार्षिक २२०२ रुपैयाँ पुगेको छ । यस्तै, कम्पनीको प्रतिसेयर नेटवर्थ ३ हजार १६२ रुपैयाँ छ ।


**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सार्वजनिक सूचना !

यस उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरूको आ.व. २०८०/८१ को कारोबार विवरणसहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८१/०८२ को कारोबार सुचारू गर्नुपर्ने व्यवस्था रहेकोले मिति २०८१ श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि फर्म, उद्योग तथा कम्पनीबाट नदीजन्य पदार्थको बिक्री वितरण कार्य बन्द गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार यो सूचना जारी गरिएको छ ।

राजश्व व्यवस्थापन शाखा
**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय



**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## राजश्व संकलन सेवा बन्द रहने सम्बन्धी सार्वजनिक सूचना

यस हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत राजश्व व्यवस्थापन शाखा तथा सम्पूर्ण वडा कार्यालयहरूबाट राजश्व संकलन सम्बन्धी सेवा आर्थिक वर्ष प्रारम्भमा कर दर तथा सफ्टवेयर सिस्टमको अद्यावधिक गर्ने कार्यको लागि मिति २०८१/०४/०१ देखि २०८१/०४/०४ गतेसम्म सेवा बन्द गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति उपमहानगरपालिका क्षमा प्रार्थी छ ।

**सुर्य प्रसाद गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**



**हेटौंडा उपमहानगरपालिका भएर बग्ने राप्ती नदी तथा किसेडी खोलाको (किसेडी खोलादेखि नवलपुर झोलुङ्गे पुलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगो रुपमा उत्खनन् तथा संकलन कार्यका लागि**

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना !

*(प्रकाशन मिति २०८१।०४।०४)*

बागमती प्रदेश मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>नगरपालिका रोड, वडा नं २<br>बागमती प्रदेश, नेपाल<br>फोन : +९७७ ०५७५२२८७६, ०५७५२४५८८<br>इमेल : info@hetaudamun.gov.np, hetaudamun.suchana@gmail.com |
| प्रस्तावको व्यहोरा | हेटौंडा उपमहानगरपालिकाले वडा नं १ र ११ भई बग्ने राप्ती नदी तथा किसेडी खोला (किसेडी खोलादेखि नवलपुर झोलुङ्गे पुलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगो रुपमा उत्खनन् तथा संकलन गर्न प्रस्ताव गरेको छ । |
| प्रभाव पर्न सक्ने क्षेत्र | मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. १ र ११ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न हेटौंडा उपमहानगरपालिका, १ र ११ नं. वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यलय<br>नगरपालिका रोड, वडा नं. २<br>बागमती प्रदेश, नेपाल<br>फोन: +९७७ ०५७५२२८७६, ०५७५२४५८८<br>इमेल: info@hetaudamun.gov.np, hetaudamun.suchana@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ईन्भाइरोन्मेन्टल सर्भिसेज नेपाल प्रा.लि.<br>दोस्रो तल्ला, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं<br>फोन नं. : ०१-५९१२३७८<br>ईमेल : info@esn.com.np, वेवसाइट : www.esn.com.np |



"मकवानपुरको शिक्षामा शान, गुणस्तरीय शिक्षा भुटनदेवीको पहिचान"

## श्री भुटनदेवी माध्यमिक विद्यालय

हेटौंडा-४, मकवानपुर

SEE नतिजा २०८० मा शैक्षिक गुणस्तरमा जिल्लामै प्रथम स्थान हासिल गर्न सफल भुटनदेवी मा.वि.मा साइन्स, कमर्स र CTEVT मा भर्ना खुल्यो ।

## कक्षा ११ मा भर्ना खुल्यो !

मकवानपुर जिल्लाको उत्कृष्ट शैक्षिक धरोहर एवम् प्रसिद्ध शैक्षणिक केन्द्र भुटनदेवी मा.वि. मा शैक्षिक सत्र २०८९ का लागि कक्षा ११ मा साइन्स, कमर्स, सिभिल इन्जिनियरिङ् र CTEVT अन्तर्गतको ३ बर्षे सिभिल इन्जिनियरिङ विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं ।

**हाम्रा आकर्षणहरू**

- शैक्षिक सत्र २०८० को SEE परीक्षामा सामुदायिक विद्यालयतर्फ जिल्लामै उत्कृष्ट हुन सफल भएको,
- यस विद्यालयमा अध्यापन गर्ने सबै शिक्षकहरूले आफ्ना बाबुनानीहरूलाई आफ्नै विद्यालयमा भर्ना गरी शैक्षिक गुणस्तर अझ माथि उठाउन क्रियाशील भएको अतिरिक्त तथा सहक्रियाकलापसहित सस्तो, सुलभ र गुणस्तरीय शिक्षाको प्रतिबद्धता भएको,
- विद्यार्थीको चाहना बमोजिम कक्षा ११ मा कम्प्युटर साइन्स विषय पनि पढाइ हुने,
- अत्याधुनिक साइन्स ल्याब, कम्प्युटर ल्याब र सुविधा सम्पन्न पुस्तकालय भएको,
- SEE परीक्षामा ३.२१ र सोभन्दा माथि जिपिए ल्याउने विद्यार्थीलाई पूर्ण छात्रवृत्ति, जिपिए २.४१ देखि ३.२ सम्म ल्याउनेलाई भर्ना र मासिक शुल्कमा ५० प्रतिशत छात्रवृत्ति तथा जिपिए १.६ देखि २.४ सम्म ल्याउनेलाई २५ प्रतिशत मासिक शुल्कमा छात्रवृत्तिको व्यवस्था भएको,
- आर्थिक रुपमा अति विपन्न र जेहेनदार विद्यार्थीलाई केही विशेष सुविधा भएको भर्ना फारम धमाधम वितरण भैरहेको छ ।
- साइन्स र कमर्सको कक्षा संचालन श्रावण १३ गतेदेखि हुने
- कक्षा ११ सिभिलको भर्ना फारम भर्ने समय २०८१ असार ३१ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण २ गते बिहान ११:०० बजे
- CTEVT इन्जिनियरिङ्गको भर्ना फारम भर्ने समय २०८१ श्रावण १३ गतेसम्म र प्रवेश परीक्षा २०८१ श्रावण १९ गते दिउँसो १:०० बजे

**थप जानकारीका लागि :**
**मोबाइल नम्बर : ९८४५४५९८०५, ९८४५२८६८३०, ९८४९७३६१२२**



## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

## मकवानपुर टेक्निकल इन्ष्टिच्युट

हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२



**हेटौंडा उपमहानगरपालिका भएर बग्ने राप्ती नदी (नवलपुर-आलदमार जोड्ने पुलदेखि उपमहानगरपालिकाको सिमानाको सम्पवेलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगो रुपमा उत्खनन् तथा संकलन कार्यका लागि**

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना !

*(प्रकाशन मिति २०८१।०४।०४)*

बागमती प्रदेश मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>नगरपालिका रोड, वडा नं २<br>बागमती प्रदेश, नेपाल<br>फोन: +९७७ ०५७५२२८७६, ०५७५२४५८८<br>इमेल:info@hetaudamun.gov.np, hetaudamun.suchana@gmail.com |
| प्रस्तावको व्यहोरा | हेटौंडा उपमहानगरपालिकाले वडा नं ११,३ र १९ भई बग्ने राप्ती नदी (नवलपुर-आलदमार जोड्ने पुलदेखि उपमहानगरपालिकाको सिमानाको सम्पवेलसम्म) विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) दीगो रुपमा उत्खनन् तथा संकलन गर्न प्रस्ताव गरेको छ । |
| प्रभाव पर्न सक्ने क्षेत्र | मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ११, ३ र १९ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न हेटौंडा उपमहानगरपालिका, ११, ३ र १९ नं. वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यलय<br>नगरपालिका रोड वडा नं २<br>बागमती प्रदेश, नेपाल<br>फोन नं. : +९७७ ०५७५२२८७६, ०५७५२४५८८<br>इमेल: info@hetaudamun.gov.np, hetaudamun.suchana@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | डाँफे इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.<br>ललितपुर, नेपाल<br>फोन नं.: ९८४१३९८९५३, ९८४१६९७३००<br>इमेल : danfe.tech@gmail.com |


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना